# Hiring Call
# Community Frontline Activists
# 2026

| | |
|---|---|
| जारी मिति | १८ अप्रिल २०२६ |
| परियोजना अवधि | ५ महिना |
| पद | Community Frontline Activists (CFA) |
| कामको प्रकार | पूर्णकालीन (Full Time) |
| स्थान | सुदूरपश्चिम, कर्णाली र मधेश प्रदेश (तल उल्लिखित स्थानीय तहका आवेदकहरुलाई प्राथमिकता दिइनेछ) |
| संस्था | एकाउन्टेबिलिटी ल्याब नेपाल (ALN) |
| आवेदन दिने अन्तिम मिति | २६ अप्रिल, २०२६ |
| थप जानकारीका लागि | nepal@accountabilitylab.org र suvechchha@accountabilitylab.org |
| संस्थाको जानकारीका लागि | https://nepal.accountabilitylab.org/ |

## संक्षिप्त परिचय

एकाउन्टेबिलिटी ल्याब नेपाल (ALN) ACCESS परियोजनाको एक कार्यान्वयन साझेदार सदस्य हो। यो परियोजना पिपुल इन निड (PIN) को नेतृत्व  तथा युरोपियन युनियनको सहयोगमा सञ्चालित छ।यस परियोजनाको वृहत्तर उद्देश्य समतामूलक शिक्षामा पहुँच अभिवृद्धि गर्न नागरिक समाजको सहभागिता सुदृढ बनाउनु हो। साथै, मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशका सीमान्तकृत बालबालिकाहरूको शिक्षामा पहुँच प्रवर्द्धन गर्न नागरिक समाजको भूमिकालाई अझ सशक्त बनाउनु यस परियोजनाको मुख्य उद्देश्य हो।

यस परियोजना कार्यान्वयनका लागि ALN ले तीन प्रदेशका कम्तीमा सातवटा जिल्लाहरू (जाजरकोट,सल्यान,पर्सा,रौतहट,अछाम,कञ्चनपुर, बाजुरा)मा रहेका स्थानीय साझेदार र सञ्जालहरूसँग समन्वय गर्दै काम गर्नेछ। जसको लागि, ALN ले सातवटै जिल्लाहरूबाट योग्य उम्मेदवारहरूको आबेदन आव्हान गर्दछ, छनोट भएका प्रत्येक उम्मेदवारले आफ्नो सम्बन्धित जिल्ला भित्रका एक वा एकभन्दा बढी स्थानीय तहहरूसँग सहकार्य गर्दै तोकिएको जिम्मेवारी बहन गर्नुपर्नेछ।

## मुख्य जिम्मेवारीहरू

### परियोजना तर्जुमा (Project Planning)

1. परियोजनामा उल्लेख भएबमोजिम जिल्ला स्तरका क्रियाकलापहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न तथा त्रैमासिक (quarterly) र मासिक (monthly) योजनाहरू तयार गरि जिल्ला परियोजना अधिकृत (District Project Officer) लाई सहयोग गर्ने।
2. सरोकारवाला निकाय (Stakeholder)  तथा विशेषज्ञहरूको पहिचान (म्यापिङ) र परिचालनमा सहयोग गर्दै, लैङ्गिक समानता तथा अपाङ्गता समावेशीकरणका पक्षहरू सुनिश्चित गर्ने।

3. समावेशी शिक्षामा भएका अभ्यासहरूमा केन्द्रित रहँदै स्थानीय स्तरको शिक्षा योजना निर्माणमा सहयोग पुऱ्याउने।
4. FSTP(Financial Support to Third Parties) अनुदानसहित परियोजनासँग जोडिएका CSOs(Civil Society Organizations) , समुदाय र स्थानीय सरोकारवालाहरूको क्षमता विकास र सामुदायिक संलग्नतामा गतिविधिहरू सञ्चालन गर्न सहयोग गर्ने।
5. FSTP अनुदान प्रभावकारीरुपमा कार्यान्वयन गर्न योजना बनाउन चयन गरिएका CSO हरूलाई सहयोग गर्ने।

## परियोजना कार्यान्वयन **(Project Implementation)**

1. CSO हरूसँग मिलेर स्थानीय तथा विद्यालय स्तरको Girls & Inclusive Education Network (GIEN) लाई परिचालन गर्नु र नियमित बैठकहरू सञ्चालन गर्ने।
2. नागरिक समाज संस्थाहरूलाई (CSOs) विद्यालय र पालिका स्तरमा GIEN सञ्जालसँगै पैरवीका कार्यहरू सञ्चालन गर्न सहयोग गर्ने।
3. छनोट भएका साझेदार CSO हरूको गतिविधिहरू अनुगमन गर्ने र अभिलेखीकरणमा सहयोग गर्ने।
4. GIEN र Complaint Response Management (CRM) संरचनाहरूलाई प्रभावकारी रूपमा परिचालन गर्न तथा विद्यालय स्तरमा School Improvement Plan (SIP) र CRM लागू गर्न CSO हरूलाई सहयोग गर्ने।
5. पालिका र विद्यालयहरूलाई GIEN संरचना गठन/परिचालन गर्न, CRM समिति बनाउन, SIP तयार पार्न र कार्यान्वयन गर्न तथा Community Learning Centers (CLCs) लाई सहयोग गर्न आवश्यक सहयोग प्रदान गर्ने।
6. परियोजनाको आवश्यकता अनुसार विद्यालय र पालिका स्तरका गुणात्मक तथा तथ्याङ्कहरू सङ्कलन गर्ने।
7. पालिका, विद्यालय र समुदाय स्तरका बैठकहरू सञ्चालन गर्ने।
8. सामुदायिक सिकाई केन्द्रहरू CLCs लाई विद्यालय बाहिर रहेका बालबालिकाहरूको पहिचान गर्न र उनीहरूलाई सिकाई केन्द्र वा औपचारिक विद्यालयमा भर्ना गराउन सहयोग गर्ने।
9. पालिका र विद्यालय स्तरका बैठकहरू सञ्चालन तथा ती बैठकहरूमा सहभागी हुने, बैठकको कार्यसूची तयार पार्नु र सेयर गर्ने।
10. परियोजनाका क्रियाकलापसँग सम्बन्धित विभिन्न प्रतिवेदनहरू तयार पार्न आवश्यक सहयोग गर्ने।
11. कार्यक्षेत्रका सूचना, उत्तम अभ्यास, सिकाइ, सफलताका कथाहरू र अन्य घटना अध्ययनहरू (case stories) सङ्कलन गर्ने।
12. विशेष गरी सीमान्तकृत समुदायलाई परियोजनाका सबै गतिविधिमा सहभागी हुन सहयोग गर्नु।
13. बालबालिका, जोखिममा रहेका समूह, अपाङ्गता भएका व्यक्ति र संवेदनशील अवस्थामा रहेकाहरूको सुरक्षा (safeguarding) सधैं सुनिश्चित गर्ने।

## समन्वय तथा सम्बन्ध विस्तार **(Coordinating and Networking)**

1. जिल्ला स्तरमा ALN टिम लिड ( परियोजना समन्वयकर्ता/ कार्यक्रम संयोजक) र ALN सदस्यहरूसँग नियमित समन्वय गर्नु। प्रतिनिधित्व, सहभागिता, अभियान तथा गतिविधिहरूका लागि उनीहरूसँग सम्पर्कमा रहने।
2. शिक्षा सम्बन्धी सरोकारवालाहरूसँग नियमित समन्वय गर्नु (जस्तै: स्थानीय सरकार, शिक्षा शाखा प्रमुख, विद्यालय, SMC, PTA, प्रधानाध्यापक, बाल क्लब, युवा क्लब, स्थानीय नेता, विद्यार्थी, शिक्षक, अभिभावक, GIEN समिति, CRM समिति, लैङ्गिक फोकल व्यक्ति, शिक्षा पत्रकार, CLC आदि)।

3. जिल्लाका अन्य कर्मचारी/विज्ञहरू, स्थानीय तहहरू र समान उद्देश्य भएका अन्य संस्थाहरूसँग समन्वय, सहकार्य र सहयोग गर्ने।
4. ALN जिल्ला परियोजना अधिकृतहरूको प्रत्यक्ष मार्गनिर्देशनमा रहेर काम गर्ने।

## मुख्यधारा र गुणस्तर व्यवस्थापन (Mainstreaming & Quality Management)

1. पालिका र विद्यालय स्तरमा देखिएका चुनौती वा अवसरहरू रिपोर्ट गरेर सेयर गर्नु र सहकार्यका लागि पहल गर्ने।
2. विद्यालय बाहिर रहेका विद्यार्थीहरूको पहिचान (mapping) गर्न गरि विद्यालयभित्र्याउने कार्यमा सहयोग गर्ने।
3. नियमित रूपमा उपयुक्त उपकरण र चेकलिस्टसहित फिल्ड भिजिट गरिलाभग्राहीहरूसँग कार्यक्रमको प्रभावकारिताबारे छलफल गर्नु र सुधारका लागि समुदाय, सरकार तथा अन्य CSO हरूलाई जानकारी गराउन सहयोग गर्ने ।
4. प्रारम्भिक अध्ययन (baseline), अन्तिम मूल्याङ्कन (end line) र अन्य सान्दर्भिक मूल्याङ्कनहरू सञ्चालन गर्न सहयोग गर्ने।
5. परियोजनाका गतिविधिहरू लैङ्गिक-संवेदनशील र समावेशी तरिकाले योजना बनाउन र सञ्चालन गर्न सुनिश्चित गर्नु। साथै लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई ध्यानमा राखेर नतिजा अनुगमन र रिपोर्टिङ गर्न मानिसहरूलाई तालिम प्रशिक्षित भएको सुनिश्चित गर्ने।
6. कार्यस्थल, सञ्चार र व्यक्तिगत व्यवहारमा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (Gender Equality, Disability & Social Inclusion; GEDSI) जस्ता पक्षलाई ध्यान दिने।

## संरक्षण (Safeguarding)

1. परियोजनाको सम्पर्कमा आउने सबै बालबालिका र वयस्कहरको सुरक्षा सुनिश्चितता तथा जवाफदेही हुनुपर्नेछ।
2. संस्थाको Safeguarding नीति र Sexual Exploitation, Abuse तथा Harassment रोक्ने नीति तथा प्रक्रियाहरूको पूर्ण पालना गर्न जिम्मेवार हुनुपर्नेछ।
3. टिममा Safeguarding को प्रवर्धन गर्नु र परियोजनाको सबै चरणमा Safeguarding लाई समावेश भएको सुनिश्चित गर्नु पर्नेछ।

## परियोजनाका कार्यक्षेत्रहरु (Project working areas)

| क्र. सं. | प्रदेश | जिल्ला | स्थानीय तह |
|---|---|---|---|
| 1 | कर्णाली | जाजरकोट | कुशे गाउँपालिका |
| 2 | कर्णाली | जाजरकोट | छेडागाड नगरपालिका |
| 3 | कर्णाली | सल्यान | त्रिवेणी गाउँपालिका |
| 4 | कर्णाली | सल्यान | शारदा नगरपालिका |
| 5 | कर्णाली | सल्यान | सिद्ध कुमाख गाउँपालिका |

| | | | |
|---|---|---|---|
| 6 | मधेश | पर्सा | धोबिनि गाउँपालिका |
| 7 | मधेश | पर्सा | जगरनाथपुर गाउँपालिका |
| 8 | मधेश | पर्सा | पटेर्वा सुगौली गाउँपालिका |
| 9 | मधेश | पर्सा | जिराभवानी गाउँपालिका |
| 10 | मधेश | रौतहट | यामुनमाई गाउँपालिका |
| 11 | मधेश | रौतहट | बौधीमाई नगरपालिका |
| 12 | मधेश | रौतहट | चन्द्रपुर नगरपालिका |
| 13 | मधेश | रौतहट | दुर्गा भगवती गाउँपालिका |
| 14 | सुदूरपश्चिम | अछाम | तुर्माखाँद गाउँपालिका |
| 15 | सुदूरपश्चिम | अछाम | ढकारी गाउँपालिका |
| 16 | सुदूरपश्चिम | अछाम | रामारोशन गाउँपालिका |
| 17 | सुदूरपश्चिम | कञ्चनपुर | लालझाडी गाउँपालिका |
| 18 | सुदूरपश्चिम | कञ्चनपुर | पुनर्वास नगरपालिका |
| 19 | सुदूरपश्चिम | बाजुरा | हिमाली गाउँपालिका |
| 20 | सुदूरपश्चिम | बाजुरा | स्वामिकार्तिक खापर गाउँपालिका |

## योग्यता तथा मापदण्ड **(Eligibility)**

1. आवेदक तोकिएका स्थानहरू मध्येकै स्थानीय हुनुपर्नेछ । उदाहरणका लागि, सल्यान जिल्लाबाट आवेदन दिने आवेदक सल्यान कै स्थानीय बासिन्दा हुनुपर्नेछ र निजले सो क्षेत्रभित्रका दुईवटासम्म स्थानीय तहहरूमा काम गर्नुपर्नेछ।
2. शैक्षिक योग्यता: शिक्षा वा सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण वा कम्तीमा +२ उत्तीर्ण साथै दुई वर्षको अनुभव।
3. School Education Sector plan (SESP) र लैङ्गिक समावेशीकरण तथा शिक्षा सञ्जाल (GIEN) का ढाँचाहरू र तिनको कार्यान्वयनका बारेमा जानकारी हुनुका साथै स्थानीय शैक्षिक अवस्थाको बुझाइ भएको उम्मेदवारलाई उच्च प्राथमिकता दिइनेछ।
4. स्थानीय सरकार र स्थानीय समुदाय समूहसँग काम गरेको अनुभव भएमा थप फाइदा हुनेछ।
5. सीमान्तकृत समुदायका उम्मेदवारहरूलाई आवेदन दिन विशेष प्रोत्साहन दिइन्छ।
6. आवेदक माइक्रोसफ्ट अफिस (MS Office) मा दक्ष हुनुका साथै नेपाली, अङ्ग्रेजी वा दुवै भाषामा प्रतिवेदन (Report) तयार पार्न सक्षम हुनुपर्नेछ ।
7. उम्मेदवार समयसीमा भित्र जिम्मेवारी  बहन गर्न सक्ने तथा बहुसांस्कृतिक( Multicultural ) वातावरणमा प्रभावकारी रूपमा काम गर्न सक्ने हुनुपर्नेछ।

## आवेदन प्रक्रिया **(Application Process)**

इच्छुक आवेदकहरूले उपयुक्त विषय (Subject) उल्लेख गरी आफ्नो व्यक्तिगत विवरण (CV) nepal@accountabilitylab.org मा इमेलमार्फत पठाउनुपर्नेछ।प्रारम्भिक छनोटमा परेका आवेदकहरूलाई मात्र अन्तर्वार्ताका लागि सम्पर्क गरिनेछ। अन्तिम छनोट अन्तर्वार्ताको नतिजाका आधारमा तय गरिनेछ।उपयुक्त आवेदक पहिचान हुनासाथ पद पूर्ति गरिने भएकाले समयमै आवेदन दिनुहुन अनुरोध गर्दछौं।